# मिति २०७७।३।५ गते शुक्रबार बसेको सातौं नगरसभाको बैठकका निर्णयहरु :

**निर्णय :१**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम सुझाव सहित सर्बसम्मत पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

तुलसीपुर उपमहानगरपालिका स्थानीय तहका कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको बिशेष ऐन,२०७७ सुझाव सहित पारित गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिकाको चालु आ.ब. २०७६/०७७ का नगरका बिभिन्न शाखा महाशाखा र वडा समितिबाट शिर्षकान्तर र रकमान्तरका लागि पेश भएको योजना तथा कार्यक्रमलाई नगर स्तर र शाखागत को अनुसूचि १ र वडास्तरको लाई अनुसूचि २ मा समावेश गरी अनमोदन गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं.: ४**

तुलसीपुर उपमहानगरपालिकाको लागि विभिन्न ठेक्काहरुको नगर कार्यपालिकाको सिफारिश बमोजिम तपसिल अनुसार न्युनतम ठेक्का अंक तोकि ठेक्का प्रक्रियाबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

तपसिल

क) जडिबुटि, कवाडि एवं जिवजन्तु निकासी कर — रु.२०,००,०००।- बार्षिक

ख) विज्ञापन कर (३ वर्षका लागि वार्षिक १०% थप गर्दै समायोजन गर्ने) — रु.१०,००,०००।- बार्षिक

ग) बसपार्क शौचालय
घ) बसपार्क पार्किङ्ग र प्रवेश निकास
ङ) बसपार्क होडिङ्ग बोर्ड सहित सार्वजनिक सुचना

→ रु. ११५,००,०००।- बार्षिक (४ वर्षका लागि वार्षिक ५% थप गर्दै समायोजन गर्ने )

च) बधशाला क्षेत्र सटरकोठाहरु ४१ कोठा
छ) आलुमण्डि सटर कोठाहरु १५ कोठा
ज) साझाबजार सटर कोठाहरु २२ कोठा
झ) कार्यालय भवन सटर कोठाहरु ११ सटर

→ रु.३२,५०,०००।- बार्षिक (३ वंर्षका लागि वार्षिक १०% थप गर्दै भाडा समायोजन गर्ने)

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय

प्रमुख

ञ) बसपार्क पश्चिममा प्रस्तावित पेट्रोल पम्प देखि दक्षिण तर्फ रहेको खाली जग्गा सटर निर्माण र प्रयोग प्रयोजनका लागि रु.८,००,०००।- वार्षिक
(उपमहानगरपालिकाले तयार गरेको नक्सा डिंजाईन अनुसार निर्माण कार्य गरी १९ वर्ष पछि उ.म.न.पा.लाई हस्तान्तरण गर्ने गरी प्रत्येक वर्ष कबोल अंकको ५% थप गर्दै भाडा समायोजन गर्ने)

**निर्णय नं.: ५**

तुलसीपुर उपमहानगरपालिकामा बसपार्कको मास्टर प्लान अनुसार निर्माण गर्ने पेट्रोल पम्प संचालन गर्नका लागि उपमहानगरपालिकाको नाममा ऐन निर्माण गरी छुटै व्यवसायिक निकाय गठन गरी व्यवस्थापन र संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.: ६**

विश्व महामारीको रुपमा रहेको कोभिड १९ का कारण लकडाउन भई विभिन्न क्षेत्रहरु बन्द रहेकोले यस क्षेत्रका करदाताहरु र व्यवसायीहरुलाई यस बाट पर्न गएको असरलाई मध्य नजर गर्दै नगर कार्यपालिकाको सिफारिश अनुसार तपसिल अनुसार छुट गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

तपसिल

क) जडिबुटि, कवाडि एवं जिवजन्तु निकासी कर : चैत्र ११ गते देखी जेष्ठ मसान्तसम्मको दैनिक हिसाबले
ख) बसपार्क टर्मिनल भवन : चैत्र ११ गते देखी सार्वजनिक यातायात संचालन नहुदासम्मको दैनिक हिसाबले
ग) बसपार्क ५२ सटरकोठाहरु : चैत्र ११ गते देखी जेष्ठ मसान्तसम्मको दैनिक हिसाबले
घ) बधशाला क्षेत्र सटरकोठाहरु
ङ) आलुमण्डि सटर कोठाहरु
च) साझाबजार सटर कोठाहरु
छ) कार्यालय भवन सटर कोठाहरु
(घ–छ) चैत्र ११ गते देखी जेष्ठ मसान्तसम्मको दैनिक हिसाबले
ज) ढिलो दाखिला वापत लाग्ने जरिवाना : लकडाउन अवधिमा जरिवाना लाग्ने भए उक्त अवधिको मात्र जरिवाना छुट गर्ने ।

उपरोक्त अनुसारको ठेक्काको छुट रकम गणना गर्दा सम्झौता गरेको मिति वा सम्झौता मा उल्लेख गरिएको मिति देखी चैत्र १० गतेसम्म कबोल अंकलाई दैनिक हिसाबले गणना हुनेछ ।

**निर्णय नं.७**

तुलसीपुर उपमहानगरपालिकाको सातौ नगरसभाको दोश्रो बैठक मिति २०७७।३।१० गते दिनको १.०० बजे तुलसीपुर ८ स्थित तुलसीपुर उद्योग वाणिज्य संघको सभाहलमा बस्ने सर्बसम्मत निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय

प्रमु

## मिति २०७७।३।१० गते बुधबार बसेको सातौं नगरसभाको दोश्रो बैठकका निर्णयहरु :

निर्णय :१

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ बजेट नगरसभामा प्रस्तुत गरियो । साथै उक्त बजेट अध्ययन गरी सबै नगरसभा सदस्य ज्यूहरुले मिति २०७७।३।१७ गते बेलुका ५.०० बजे सम्म तुलसीपुर उपमहानगरपालिकामा सुझाव प्रस्तुत गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं २

तुलसीपुर उपमहानगरपालिका आर्थिक समितिका संयोजक श्री माधव वलीबाट आर्थिक बर्ष २०७७/०७८ को आर्थिक बिधेयक नगरसभामा प्रस्तुत गरियो । साथै उक्त बिधेयक अध्ययन गरी सबै नगरसभा सदस्य ज्यूहरुले मिति २०७७।३।१७ गते बेलुका ५.०० बजे सम्म तुलसीपुर उपमहानगरपालिकामा सुझाव प्रस्तुत गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. ३

तुलसीपुर उपमहानगरपालिका लेखा समितिका संयोजक श्री राजु आचार्य बाट आर्थिक बर्ष २०७७/०७८ को बिनियोजन बिधेयक नगरसभामा प्रस्तुत गरियो । साथै उक्त बिधेयक अध्ययन गरी सबै नगरसभा सदस्य ज्यूहरुले मिति २०७७।३।१७ गते बेलुका ५.०० बजे सम्म तुलसीपुर उपमहानगरपालिकामा सुझाव प्रस्तुत गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. ४

तुलसीपुर उपमहानगरपालिका बिधायन समितिका संयोजक श्री देवराज बिश्वकर्मा बाट प्रस्तुत तुलसीपुर उपमहानगरपालिका बसपार्कमा तुलसीपुर पेट्रोल पम्म सञ्चालन गर्न बनेको बिधेयक,२०७७ सुझाव सहित पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

तुलसीपुर उपमहानगरपालिका बिधायन समितिका संयोजक श्री देवराज बिश्वकर्मा बाट प्रस्तुत तुलसीपुर उपमहानगरपालिका कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक,२०७७ पारित गर्ने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल

प्रमुख

# मिति २०७७।३।२६ गते बुधबार बसेको सातौं नगरसभाको तेश्रो बैठकका निर्णयंहरु :

निर्णय :१

तुलसीपुर उपमहानगरपालिकाको **आर्थिक बर्ष २०७७/०७८ बजेट** सर्बसम्मत रुपमा पारित गर्ने निर्णय गरीयो ।

निर्णय नं २

तुलसीपुर उपमहानगरपालिका आर्थिक बर्ष **२०७७/०७८ को आर्थिक बिधेयक** सर्बसम्मत रुपमा पारित गरियो

निर्णय नं. ३

तुलसीपुर उपमहानगरपालिकाको **आर्थिक बर्ष २०७७/०७८ को बिनियोजन बिधेयक** सर्बसम्मत पारित गरियो ।

निर्णय नं. ४

तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ को हालको वडा कार्यालय रहेको स्थान ज्यादै सागुरो भई थप संरचना निर्माण गर्न समस्या भएको , अधिकतम वडाबासीको स्थानान्तरण गर्ने मागदाबी रहेकोले तुलसीपुर उपमहानगरपालिका वडा नं. ४ को सिफारिस,कार्यदलको प्रतिवेदन र कानुनी मामिला शाखाको राय बमोजिम उक्त वडा केन्द्र हाल रहेको स्थानबाट स्थानान्तरण गरी वडा नं. ४ को बनहरीमा राख्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. ५

बिश्व महामारी कोरोना भाईरसका कारण देशमा लागू भएको लकडाउनका कारण यस उपमहानगरपालिकाको चालु आ.ब. २०७६/०७७ का योजना तथा ठेक्काहरु सामान आपुर्ति गर्न सम्भव नभएकोले समयमै सम्पन्न गर्न नसकिने भनि म्याद थपको लागि मिति २०७७।३।२१ गते बसेको नगरकार्यपालिकाको ९१ औं बैठकको निर्णय नं २२ लाई अनुमोदन गर्दै सोहि बमोजिमको संझौता भई चालु आ.ब.मा सम्पन्न हुन नसक्ने योजना र ठेक्का हरुको म्याद थप गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं. ६

तुलसीपुर उपमहानगरपालिकामा बिगत देखि अबिछिन्न रुपमा कार्यरत **अस्थायी तथा करार कर्मचारीहरुको म्याद आ.ब. २०७७/०७८ सम्मका लागि सुशासन र लेखा समितिको प्रतिवेदनका आधारमा थप** गरी करार संझौता गर्ने सर्बसम्मत निर्णय गरियो ।.

निर्णय नं. ७

तुलसीपुर उपमहानगरपालिकाले चालु आ.ब. २०७६/०७७ मा योजना संचालनमा निर्धारण गरेको लागत सहभागिता अधिकतम भई योजना सञ्चालन गर्न समस्या उत्पन्न भएको भनि जनगुनासो आएकोले सो लागत सहभाथिताको प्रतिशतलाई संशोधन गरी **क) शहरी क्षेत्रमा २५ प्रतिशत र ख) ग्रामिण क्षेत्रमा १० प्रतिशत** न्युनतम कायम गर्ने सर्बसम्मत निर्णय गरीयो । साथै नगद तथा जनसहभागिता अधिकतम हुने आयोजनाहरुलाई प्राथमिकताका साथ सञ्चालन गर्ने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका तुलसीपुर, दाङ ५ नं.प्रदेश, नेपाल

प्रमुख

**निर्णय नं. ८**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका विद्यालय व्यवस्थापन समिति, खानेपानी उपभोक्ता संस्थाहरु, सामुदायीक वन उपभोक्ता समुहहरु ,टोलबिकास संस्थाहरु लगाएतका सम्पूर्ण स्थानीय संघ संस्थाहरुको कार्यकाल सम्पन्न भई निर्बाचन गर्न लकडाउनका कारण हाललाई सम्भव नभएकोले **नेपाल सरकारले लकडाउन आधिकारीक रुपमा हटाए पश्चात ३ महिना भित्र सबै संघ संस्थाले अनिवार्य रुपमा निर्बाचन सम्पन्न गरी नयाँ कार्यसमिति चयन गर्न निर्देशन दिदै** हाल देखि निर्बाचन नहुदा सम्म संस्थाको निर्बाचन नहुदा सम्म प्रशासनिक तथा नियमित कार्य र मर्मत सम्भारको कार्य संचालनको ब्यवस्था गर्ने सर्बसम्मत निर्णय गरियो । साथै सामुदायीक बिद्यालयको ब्यवस्थापन समितिको हकमा पदेन सदस्यबाट माथि उल्लेखित अनुसार निर्बाचन नहुदा सम्म नियमित तथा प्रशासनिक र मर्मत सम्भारको कार्य संचालनको ब्यवस्था गर्ने सर्बसम्मत निर्णय गरियो

**निर्णय नं. ९**

कोराना भाईरस COVID 19 का कारण बिश्वमा महामारी फैलिरहेको अवस्था र यस उपमहानगरपालिका समेत प्रभावित भएकोले **आम नगरबासीलाई घरबाहिर निस्कदा मास्क अनिवार्य रुपमा प्रयोग गर्ने** र सामाजिक दुरी कायम गरी कोराना नियन्त्रणमा सहयोग का लागि अपिल गर्ने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०**

यस तुलसीपुर उपमहानगरपालिकामा सभ्य,सुसंस्कृत , आदर्श तथा नैनिकवान. समाज निर्माण गरी बिबिध खाले दुर्बेशनहरु हटाउका लागि लागू औषध नियन्त्रण र अवैध मदिरा नियन्त्रण सम्बन्धी अभियान संचालन गर्ने साथै तुलसीपुर उपमहानगरपालिका भित्र शान्ति सुरक्षा,अमन चयन कायम गरी नागरिकको जनधनको सुरक्षा गर्न प्रहरी संगको समन्वयमा प्रत्यक टोलमा टोल सुरक्षा समिति गठन गरी नागरिक प्रहरी साझेदारी कार्यक्रमलाई लाई प्रभावबारी बनाउने सर्बसम्मत निर्णय गरियो ।

**निर्णय नं. १२**

यस तुलसीपुर उपमहानगरपालिका वडा नं. ७ का वडा अधयक्ष श्री टोपबहादुर केसी कोराना संक्रमीत हुनु भएको र वडा नं. ५ का वडा अध्यक्ष श्री बीरेन्द्र कुमार शाहलाई मोटरसाईकलले ठक्कर दिई घाईते हुनु भएकोल **दुबै जना वडाअध्यक्ष** तथा वडा नं. ५ को निर्देशनमा कार्यालय समयमा बिद्युतको काम गर्दा गर्दै करेन्ट लागिं सक्त घाईते हुनु भएका **डिशेष चौधरी समेतको सिघ्र स्वास्थ्य लाभको कामना गर्ने** निर्णय गरियो ।

**निर्णय नं.१३**

यस कार्यालयको ठे.नं. रा.०९ बसपार्क पुर्वाधार शुल्क असुल उपर गर्न पेट्रोल पम्प संचालनका लागि तुलसीपुर-५ स्थीत शारदा निर्माण सेवाको रु.९१५,०००।- को ठेक्का स्वीकृत भई सम्झौताका लागी पत्राचार गरिएकोमा सो फर्मले ठेक्का कबोल अंकको ५०% प्रतिशतले हुन आउने रु.४,९७,५००।- यस कार्यालयको खातामा जम्मा गरेको र उक्त फर्मको पेट्रोल पम्प संचालन अनुमति लिन समय लाग्ने भएकोले सम्झौता प्रक्रियामा रहेकोमा नगर कार्यपालिकाको सिफारिश अनुसार उक्त दाखिला गरेको रकम सोहि ठेक्कामा अर्को आ.व.मा मिलान गर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका तुलसीपुर, दाङ ५ नं.प्रदेश, नेपाल

प्रमुख

**निर्णय नं. १४**

यस कार्यालयबाट बसपार्क पुर्वाधार शुल्क असुल गर्ने सम्बन्धि ठेक्का नं. रा ०७ (सरसफाई गाडि धुलाई) का लागि मिति २०७६/१०/२१ गते तुलसीपुर-५ स्थित शारदा निर्माण सेवा र तुलसीपुर उपमहानगरपालिका बिच सम्झातौ भई कार्यादेश दिईएकोमा उक्त फर्मले मिति २०७७/०२/१० गते कोभिड १९ कोरोना भाईरसको महामारीका कारण लकडाउन भई बन्दाबन्दि भई काम गर्न नपाएको भनी उक्त अवधिको छुट पाउन निवेदन पेश गरेको सम्दर्भमा २०७७/०२/०५ गतेको नगरसभाबाट छुटको व्यवस्था भए अनुसार उक्त फर्मको पनि २०७६/१२/११ गते देखी २०७७ जेष्ठ मसान्तसम्मको सम्झौता भएको मिति देखी दैनिक दामासाहिले हिसाब गरी छुट गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस तुलसीपुर उपमहानगरपालिकाको आ.ब. २०७७/०७८ को नीति तथा कार्यक्रम निर्माणको सन्दर्भमा आफ्नो अमुल्य राय सुझाव प्रदान गर्नुहुने सम्पूण राजनीतिक दलका प्रतिनिधिहरु,पूर्ब जनप्रतिहरु,कर्मचारी, बिज्ञ,पत्रकार उद्योगी व्यवसायी तथा नगरसभा प्रयोजनार्थ हल उपलब्ध गराउने तुलसीपुर उद्योग बाणिज्य संघलाई हार्दिक आभार तथा धन्यबाद दिने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका
तुलसीपुर, दाङ
५ नं.प्रदेश, नेपाल

प्रमुख